आज मिति २०७७ पौष २६ गते आइतबार दिन बेलबारी नगरपालिकामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तह विचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको बैठक बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी ज्यू को संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय तहका प्रमुख, उपप्रमुख लगायतको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| क्र.स. | पद | नाम | संस्था | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री ज्ञानेन्द्र सुवेदी | बेलबारी नगरपालिका | |
| २ | नगर प्रमुख | श्री शिव प्रसाद ढकाल | सुन्दरहरैचा नगरपालिका | |
| ३ | नगर प्रमुख | श्री दिलिप कुमार अग्रवाल | रंगेली नगरपालिका | |
| ४ | अध्यक्ष | श्री रोहित बहादुर कार्की | केराबारी गाउँपालिका | |
| ५ | अध्यक्ष | श्री शिवनारायण माझी | ग्रामथान गाउँपालिका | |
| ६ | अध्यक्ष | श्री तारा बहादुर काफ्ले | कानेपोखरी गाउँपालिका | |
| ७ | प्रमुख प्र. अधिकृत | श्री प्रदिप शाह | बेलबारी नगरपालिका | |
| ८ | प्रमुख प्र. अधिकृत | श्री पुष्य प्रसाद पौडेल | ग्रामथान गाउँपालिका | |
| ९ | वडा अध्यक्ष ६ | श्री सवदनारायण चौधरी | 〃 〃 | |
| १० | 〃 -६ | श्री रमेश माझी | 〃 〃 | |
| ११ | 〃 ४ | श्री वैजनाथ विश्वास | 〃 〃 | |
| १२ | अधिकृत स्तर सातौ | श्री महेन्द्र खड्का | बेलबारी नगरपालिका | |
| १३ | स.क.अपरेटर | श्री दिनेश खड्का | बेलबारी नगरपालिका | |

**प्रस्तावहरु**

१. **लोहन्द्र खोलाको ढुङ्गा, गिटी , बालुवा लागयत नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रि शुल्क असुली सम्बन्धमा ।**

निर्णय नं. १ – लोहन्द्रा खोलाको ढुङ्गा, गिटी, बालुवा भरौट आदी को उत्खनन संकलन तथा विक्री शुल्क असुली सम्बन्धको ठेक्का व्यवस्थापन प्रकृया मिति २०७७।०७।१७ गते ३० दिने E-BED सूचना प्रकाशित गरिएकोमा कुनै पनि प्रस्ताव नपरेको हुँदा पुन :मिति २०७७।०९।२० गते १५ दिने E-BID सूचना प्रकाशित भएको विषयमा छलफल भयो सो सम्बन्धमा थप छलफलका लागि मिति २०७७।०९।२७ गते विहान ८ बजे बैठक बस्ने निर्णय गरियो ।